# प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८०

*(मिति २०८३।०५।१८ गतेसम्म भएको संशोधन समेत मिलाइएको)*

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय

हेटौंडा, नेपाल

# प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८०

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०८०।०५।२५

**संशोधनः**

प्रदेश विपद् व्यवस्थापन कोष परिचालन (पहिलो संशोधन) कार्यविधि, २०८३ २०८३।०५।१८

**प्रस्तावना:** विपद् पूर्वतयारी, खोज, उद्धार, प्रतिकार्य, राहत तथा पुनःस्थापना सम्बन्धी आवश्यक कार्यका लागि प्रदेश विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन गर्न र विपद् जोखिम तथा न्यूनीकरण व्यवस्थापनमा प्रदेशको भूमिकालाई प्रभावकारी बनाउन,

प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको समितिलाई सम्झनु पर्छ।

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

(ग) "कोष" भन्नाले ऐनको दफा १० बमोजिमको प्रदेश विपद व्यवस्थापन कोष सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(च) "राहत" भन्नाले विपद् भइरहेको वा भइसकेको समयमा वा विपद् पश्चात विपद् प्रभावितलाई आवश्यक व्यवस्थापन एवम् बन्दोबस्तीका लागि यस कार्यविधि बमोजिम प्रदान गरिने नगद वा जिन्सी सहायतालाई सम्झनु पर्छ।

(छ) "विपद्" भन्नाले ऐनको दफा २ को खण्ड (ड) बमोजिमको विपद् सम्झनु पर्छ।

(ज) "संघीय ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(झ) "संघीय कार्यविधि" भन्नाले निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना सम्बन्धी प्रचलित संघीय कार्यविधिलाई सम्झनु पर्छ।

३. <u>**कोषको रकम खर्च गर्ने**</u>ः मन्त्रालयले ऐनको दफा ११ र १६ को प्रावधान बमोजिम कोषबाट विपद् पूर्वतयारी, खोज, उद्धार, राहत, पुननिर्माण तथा पुनःस्थापना सम्बन्धी देहायका कार्यहरु गर्न आवश्यकताका आधारमा कार्यकारी समिति र कोष सञ्चालन समितिको निर्णयानुसार जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिको विपद् व्यवस्थापन कोषमा रकम प्रदान गर्न सक्नेछ।

आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय, बागमती प्रदेश

(क) <u>जोखिम न्यूनीकरण तथा पूर्वतयारीः</u>

(१) जोखिमयुक्त अवस्थामा रहेको हिमताल विष्फोटनबाट हुन सक्ने सम्भावित क्षतिको न्यूनीकरण गर्न,

(२) बस्तीमा क्षति पुऱ्याउन सक्ने जोखिमयुक्त अवस्थामा रहेको चट्टान हटाउने, विष्फोट गराउने,

(३) जोखिममा रहेको बस्ती संरक्षणका लागि खस्न लागेको पहिरो नियन्त्रण गर्न गेवियन पर्खाल, तारजाली, टेवा पर्खाल, नाला खोल्ने जस्ता कार्य गर्न,

(४) विपद् पूर्वतयारीका लागि तत्काल आवश्यक पर्ने उद्धार तथा राहत सामग्री खरिद गर्न,

(५) जोखिममा रहेको बस्तीको तत्काल संरक्षण वा बस्ती स्थानान्तरण सम्बन्धी कार्य गर्न,

(६) तत्काल अस्थायी आश्रय स्थलको निर्माण तथा सञ्चालनको लागि आवश्यक वस्तु तथा सेवा खरिद गर्न,

(७) जोखिममा रहेका बस्तीको संरक्षणको लागि तत्काल नदी नियन्त्रण बाँध तथा तटबन्ध निर्माण सम्बन्धी कार्य गर्न,

(८) अस्पताल, विद्यालय, सरकारी कार्यालय जस्ता सार्वजनिक निकायमा विपद्का कारण पुगेको क्षतिको तत्काल न्यूनीकरण तथा रोकथाम सम्बन्धी कार्य,

आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय, बागमती प्रदेश

(९) विपद् पूर्व सूचना प्रणाली स्थापना तथा सञ्चालन गर्ने,

(१०) कार्यकारी समितिले तोके बमोजिमका विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यसँग प्रत्यक्ष सम्बन्धित अन्य कार्यहरु।

**(ख) खोज, उद्धार तथा प्रतिकार्यः**

(१) विपद् पश्चात तत्काल गरिने उद्धार कार्यका लागि लाग्ने भण्डारण, ढुवानी, भाडा, एम्बुलेन्स र शवबाहनको भाडा, इन्धनका लागि लाग्ने खर्च,

(२) विपद् प्रतिकार्यको पूर्वतयारी स्वरुप आवश्यक उद्धार सामग्रीको खरिद गर्न वा भाडामा लिन,

(३) विपद्को कारणबाट अवरूद्ध भएको सार्वजनिक सेवा प्रवाह तत्काल सुचारू गर्न,

(४) कार्यकारी समितिले तोके बमोजिमका खोज, उद्धार र प्रतिकार्य सम्बन्धी अन्य कार्य।

**(ग) राहत वितरणः**

(१) प्रदेशभित्र यस कार्यविधि बमोजिम राहत वितरण गर्दा सम्बन्धित ♦स्थानीय विपद् व्यवस्थापन समितिबाट गरिनेछ।

♦ पहिलो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

(२) ♦स्थानीय विपद् व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम विपद्बाट भएको देहायको क्षतिमा नेपाल सरकार र स्थानीय तहबाट प्रदान गर्ने राहतको अतिरिक्त देहाय बमोजिम राहत उपलब्ध गराउनेछः-

(क) ♦विपद्मा परी प्रदेशभित्र स्थायी बसोबास भएको कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने एकाघर परिवारको पहिलो एक जना मृतकको हकमा रु. एक लाख र एक भन्दा बढी मृतकको हकमा अतिरिक्त प्रतिव्यक्ति रु. पचास हजारका दरले एकाघर परिवारको नजिकको हकवालालाई राहत उपलब्ध गराउने।

तर एकाघर परिवारका सबै सदस्यको मृत्यु भएमा उक्त रकम प्रदान गरिने छैन।

(ख) ♦विपद्मा परी प्रदेशभित्र स्थायी बसोबास भएको कुनै व्यक्ति बेपत्ता भइ खोजी कार्य गर्दा घटना भएको मितिले नब्बे दिनसम्म फेला नपरेमा सम्बन्धित स्थानीय तहको सिफारिस र प्रहरी प्रतिवेदनको आधारमा एकाघर परिवारको पहिलो एक जना

♦ पहिलो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

बेपत्ता व्यक्तिको हकमा रु. एक लाख र एक भन्दा बढि बेपत्ता व्यक्तिको हकमा अतिरिक्त प्रतिव्यक्ति रु. पचास हजारका दरले एकाघर परिवारको नजिकको हकवालालाई राहत उपलब्ध गराउने।

तर एकाघर परिवारका सबै सदस्य बेपत्ता भएमा उक्त रकम प्रदान गरिने छैन।

♣(ख१) विपद्को घटनामा परि एकाघरका परिवारका सबै सदस्यको मृत्यु भएमा वा उपखण्ड (२) को क्र.सं. (ख) बमोजिम बेपत्ता भएमा निजको काजकिरिया गर्ने व्यक्तिलाई किरिया खर्चबापत एकमुष्ट रु. पच्चीस हजार उपलब्ध गराईने।

(ग) विपद्बाट भएको क्षतिको राहतस्वरुप तत्काल गुजाराका लागि प्रति परिवार दश हजार रुपैया वा सो बराबरको जिन्सी राहतस्वरूप प्रदान गर्ने।

---

♣ पहिलो संशोधनद्वारा थप।

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

(घ) घर क्षतिको अवस्था हेरी क्षतिको अनुपातमा आवश्यक निर्माण सामग्रीको व्यवस्थापनका लागि बढीमा पच्चीस हजार वा सो बराबरको जिन्सी सहायता प्रदान गर्ने।

(ङ) विपद्को घटनामा परी घाईते हुनेहरुलाई जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको उपचार खर्च नेपाल सरकारले उपलब्ध गराउने रकमको अधिकतम सीमाले अपुग हुने भएमा पन्ध्र हजार रुपैयाँसम्म सम्बन्धित अस्पताललाई भुक्तानी दिने र अस्पतालबाट डिस्चार्ज भइ घर जान त्यस्तो व्यक्तिलाई प्रति व्यक्ति एक हजार रुपैयाँ यातायात खर्च दिने। यस्तो यातायात खर्च वापतको रकम निजले अस्पतालबाट डिस्चार्ज भएपश्चात् सम्बन्धित ♦स्थानीय तहबाट शोधभर्ना लिन सक्नेछ।

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय बागमती प्रदेश

♦ पहिलो संशोधनद्वारा संशोधित।

♣(च) यस उपखण्ड बमोजिमको रकम सामान्यतः सम्बन्धित स्थानीय तहले आफ्नो विपद् व्यवस्थापन कोषबाट भुक्तानी गरी प्रदेश विपद् व्यवस्थापन समितिसँग सोधभर्ना लिनु पर्नेछ।

तर त्यस्तो भुक्तानीका लागि प्रदेश विपद् व्यवस्थापन कोषबाट स्थानीय विपद् व्यवस्थापन कोषमा अग्रिम रकम हस्तान्तरण गरी सोबाट भुक्तानी गर्न बाधा पर्ने छैन।

♣(छ) यस उपखण्ड बमोजिम स्थानीय तहमार्फत उपलब्ध गराउने राहत सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गराएर उपलब्ध गराउनु पर्नेछ।

तर तत्काल राहत दिन स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गर्न सम्भव नदेखिएमा घटना लगतै बस्ने स्थानीय विपद् व्यवस्थापन

---

♣ पहिलो संशोधनद्वारा थप।

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय बागमती प्रदेश

समितिको बैठकबाट अनुमोदन गराउने गरी समितिको अध्यक्षले निर्णय गरी राहत उपलब्ध गराउन बाधा पर्ने छैन।

(३) विपद् प्रभावित परिवारलाई राहत वितरण गर्दा गुणस्तरीय राहत सामग्री मात्र वितरण गर्ने। मानवीय आत्मसम्मान र उपभोक्ता हित विपरीतको कार्यविधि र गुणस्तरहीन सामग्री उपलब्ध गराउनु हुँदैन।

(४) विपद् प्रभावित परिवारको लागि दैनिक उपभोग्य र खाद्य सामग्री राहत स्वरुप वितरण गर्दा एकमुष्ट रुपमा परिवारलाई आधार मानी उपलब्ध गराउनु पर्नेछ।

(५) प्रदेशस्तरमा विपद् प्रभावितहरुलाई पुनःस्थापना तथा पुननिर्माणका लागि प्रचलित कानून बमोजिम वन क्षेत्र हेर्ने मन्त्रालय अन्तरगतको तोकिएको निकायले ♦स्थानीय तहको सिफारिसमा प्राथमिकताको आधारमा सहुलियत दरमा काठ उपलब्ध गराउनु पर्नेछ।

(६) यस कार्यविधि बमोजिम राहत वितरण गर्दा भूकम्प, बाढी, पहिरो, आगलागी, असिना, हुरी बतास, चटयाङ, शीतलहर, हिमपात, डुवान, हिमपहिरो, खडेरी, हिमताल

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

विष्फोटन, सर्पदंश, विषाक्त किटदंश विपद्का कारणबाट क्षति व्यहोरेका प्रभावितलाई मात्रै राहत सहयोग उपलब्ध गराइनेछ।

(७) ⊗.....

(८) ⊗.....

(घ) **<u>पुनर्निर्माण तथा पुनःस्थापनाः</u>** मन्त्रालयले कार्यकारी समिति र कोष सञ्चालन समितिको निर्णयानुसार निजी आवास पुनर्निर्माण तथा पुनःस्थापनाका लागि प्रचलित संघीय कार्यविधि बमोजिमको प्रक्रिया पुरा भई जिल्ला प्रशासन कार्यालयबाट माग भए बमोजिम प्रदेश सरकारले बेहोर्नु पर्ने लागत साझेदारी वापतको रकम उपलब्ध गराउनेछ।

४. **<u>रकम माग गर्नु पर्नेः</u>** (१) यस कार्यविधिको दफा ३ को खण्ड (क) बमोजिम विपद् जोखिम न्यूनीकरण र पूर्व तयारी सम्बन्धी कार्य गर्न स्थानीय तहले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयसहित अनुसुची- १ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजात संलग्न गरी मन्त्रालय समक्ष रकम माग गर्नु पर्नेछः-

(क) कार्यक्रमको विवरण,

(ख) माग गरिएको रकम,

(ग) पूर्वाधार निर्माणको लागि लागत अनुमान र ड्रइङ डिजाइनसहितको प्राविधिक प्रतिवेदन।

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

⊗ पहिलो संशोधनद्वारा हटाइएको।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम प्राप्त मागको आधारमा कोषमा मौज्दात रकम, विपद् जोखिमको अवस्था, आवश्यकता, औचित्यताको आधारमा कार्यकारी समिति र कोष सञ्चालन समितिको निर्णय बमोजिमको रकम सम्बन्धित स्थानीय तहको विपद् कोष खातामा उपलब्ध गराउने छ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विपद्का दृष्टिले जोखिमयुक्त स्थानीय तहलाई आवश्यकताका आधारमा परिषद्को निर्णयका आधारमा स्थानीय विपद् व्यवस्थापन कोषमा रकम प्रदान गर्न बाधा पर्ने छैन।

५. **रकम प्रदान गर्नेः** (१) यस कार्यविधिको दफा ३ को खण्ड (ख) बमोजिम खोज, उद्धार तथा प्रतिकार्य सम्बन्धी कार्य गर्न मन्त्रालयले कार्यकारी समिति र कोष सञ्चालन समितिको निर्णय अनुसार जिल्ला विपद् व्यवस्थापन समिति ♣वा स्थानीय विपद् व्यवस्थापन समितिलाई बढीमा पाँच लाख प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको रकम जिल्ला विपद् व्यवस्थापन समिति ♣वा स्थानीय विपद् व्यवस्थापन समितिको अध्यक्षले विपद्को घटनाको गाम्भिर्यता, आवश्यकता र औचित्यताका आधारमा खर्च गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम खर्च भएको रकम सम्बन्धी विवरण जिल्ला विपद् व्यवस्थापन समिति ♣वा स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

♣(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष घटनामा कार्यकारी समितिको निर्णय बमोजिम कोषबाट व्यहोरिने गरी मन्त्रालयले वा प्रदेश सरकारका अन्य निकाय मार्फत प्रत्यक्ष

---

♣ पहिलो संशोधनद्वारा थप।



आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

रुपमा खोज, उद्धार तथा प्रतिकार्य सम्बन्धी कार्य गर्न बाधा पर्ने छैन।

६. **<u>राहत सहयोग परिचालन तथा वितरणः</u>** ♦(१) ऐनको दफा ३५ बमोजिम राहत उपलब्ध गराउनु परेमा कोषबाट स्थानीय विपद् व्यवस्थापन समितिलाई राहत वितरण प्रयोजनार्थ प्रदान गरिएको रकमबाट प्रदान गर्नु पर्नेछ।

♦(२) उपदफा (१) बमोजिमको रकम यस कार्यविधिको अधिनमा रही स्थानीय विपद् व्यवस्थापन समितिले छुट्टै अभिलेख राखि खर्च गर्नु पर्नेछ र खर्चको आधारमा मन्त्रालय समक्ष सोधभर्ना माग्नु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष घटनामा कार्यकारी समितिको निर्णय बमोजिम कोषबाट व्यहोरिने गरी मन्त्रालयले प्रत्यक्ष रुपमा राहत प्रदान गर्न बाधा पर्ने छैन।

तर यसरी राहत वितरण गर्दा वितरणको मापदण्ड यसै कार्यविधिले निर्धारण गरेको सीमा बमोजिम हुनेछ।

७. **<u>कोषबाट व्यहोरिनेः</u>** यस कार्यविधि बमोजिम उपलब्ध गराईने राहत ऐनको दफा १० बमोजिमको कोषबाट व्यहोरिने छ।

८. **<u>पेस गर्नुपर्ने कागजातः</u>** (१) यस कार्यविधि बमोजिम राहत रकम माग गर्नका लागि ♦<u>स्थानीय</u> विपद् व्यवस्थापन समिति समक्ष अनुसूची- २ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी निवेदन पेस गर्नु पर्नेछः-

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

(ख) मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) ✂..... क्षतिको विवरण सहितको सम्बन्धित वडाको सिफारिसपत्र,

(घ) क्षतिको विवरण यकिन गरिएको प्रहरी मुचुल्का,

(ङ) घटनासँग सम्बन्धित तस्वीर।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार समक्ष राहत माग गर्दा वा नेपाल सरकारबाट राहत प्रदान गर्दा यसै दफामा उल्लिखित कागजातहरु पेस भएको अवस्थामा सोही कागजातलाई आधार मानी ♦स्थानीय विपद् व्यवस्थापन समितिले राहत प्रदान गर्न सक्नेछ।

तर अपुग राहत रकम उपलब्ध गराँउदा सोको पुष्टि हुने कागजात निवेदन साथ पेस गर्नु पर्नेछ।

♣८क. **विशेष व्यवस्था:** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम कुनै स्थानलाई विपद् सङ्कटग्रस्त घोषणा गरेको अवस्थामा दफा ८ बमोजिमको प्रक्रिया पूरा गर्न सक्ने अवस्था नभएमा स्थलगत सरजमिन मुचुल्का सहितको सम्बन्धित वडाको सिफारिसमा स्थानीय तहले निर्णय गरी तोकिए बमोजिमको राहत वितरण गर्न बाधा पर्ने छैन।

९. **राहत वितरणको समय सीमा:** ♦स्थानीय विपद् व्यवस्थापन समितिले यो कार्यविधि बमोजिम राहत उपलव्ध गराउँदा घटना भएको तीस

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

♦ पहिलो संशोधनद्वारा संशोधित।

♣ पहिलो संशोधनद्वारा थप।

दिनभित्र सूचना प्राप्त भएको घटका लागि मात्र राहत उपलव्ध गराउनेछ।

१०. **राहत वितरणमा प्राथमिकताः** राहत वितरण गर्दा पीडितमध्ये महिला, बालबालिका, ज्येष्ठ नागरिक, बिरामी, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

११. **समन्वय गर्नेः** (१) प्रदेश सरकारले राहत वितरणका लागि संघीय सरकार, स्थानीय तह र विभिन्न दातृ निकायहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय मानवीय सहायता संस्थासँग आवश्यक समन्वय गर्नेछ।

(२) दातृ निकाय, मानवीय सहायता संस्था वा कुनै प्रकृतिको गैरसरकारी संस्थाले राहत वितरण गर्दा राहत वितरण योजना र वितरित राहतको विवरण सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्नेछ।

१२. **राहत उपलब्ध गराउन सक्नेः** कार्यकारी समितिले निर्णय गरी विपद्को लागी कुनै जिन्सी राहत सम्बन्धित विपद् क्षेत्र वा सोसँग सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनु परेमा एकमुष्ट रुपमा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा संगठन वा सरकारी निकाय वा कार्यालय मार्फत हस्तान्तरण गरी उपलब्ध गराउन सक्नेछ।

१३. **पालना गर्नु पर्नेः** यस कार्यविधि बमोजिम प्राप्त रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नु पर्नेछ।

१४. **निर्देशन दिने सम्बन्धमाः** (१) कोषबाट प्रदान गरिएको रकम खर्च गर्ने सम्बन्धमा कार्यकारी समितिले आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशन पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१५. **अनुगमन सम्बन्धमाः** यस कार्यविधि बमोजिम भएको काम कारवाहीको कार्यान्वयनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र मन्त्रालयले आवश्यकताअनुसार अनुगमन गर्न सक्नेछ।

१६. **अनुमोदनः** यस कार्यविधि बमोजिम कार्यकारी समितिबाट भएका निर्णय परिषद्बाट अनुमोदन गराउनु पर्नेछ।

१७. **विवरण पेस गर्नु पर्नेः** (१) यस कार्यविधि बमोजिम प्रदान गरिएको रकमको खर्च विवरण सम्बन्धित निकायले त्रैमासिक रूपमा अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम प्राप्त विवरणहरुलाई एकीकृत गरी सोको अभिलेख मन्त्रालयले राख्नु पर्नेछ।

१८. **कार्यविधि बमोजिम हुनु पर्नेः** कोषबाट प्राप्त रकम खर्च गर्दा यस कार्यविधिले निर्धारण गरे बमोजिम खर्च गर्नु पर्नेछ।

१९. **लेखा तथा लेखापरीक्षणः** कोष बाट रकम प्राप्त गर्ने निकायले खर्च भएको रकमको छुट्टै लेखा राखि सोको आन्तरिक र अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

२०. **खारेजी र बचाउः** (१) विपद् खोज, उद्धार तथा राहत वितरण मापदण्ड सम्बन्धी कार्यविधि, २०७८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमजिमको कार्यविधि बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## स्थानीय तहबाट रकम माग गर्ने ढाँचा

| विपद्को प्रकृति | सम्भावित जोखिम | दफा ३ को खण्ड (क) बमोजिम को क्षेत्र | जोखिमबाट हुन सक्ने क्षति | | | | प्रस्तावित कार्यक्रम | प्राम्भिक /अनुमानित लागत | माग गर्ने निकायले गरेको स्रोत व्यवस्था रकम | | | | कोषसँग माग गरेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक क्षति | मानवीय क्षति | भौतिक क्षति | अन्य | | | विनियोजित बजेटबाट | विपद् कोषको रकम | अन्य स्रोत | जम्मा | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**तयार गर्ने**

दस्तखत:

नाम:

पद:

मिति:

**पेश गर्ने**

दस्तखत:

नाम:

पद:

मिति:

**स्वीकृत गर्ने**

दस्तखत:

नाम:

पद:

मिति:

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश

## अनुसुची- २

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>राहत रकम माग गर्ने निवेदनको ढाँचा</u>**

♦श्री ........ गाउँपालिका/नगरपालिका,
स्थानीय विपद् व्यवस्थापन समिति
..................जिल्ला ।

विषयः <u>राहत सहयोग गरिदिने बारे।</u>

मिति...।...।गतेका दिन ... जिल्लाको .... महानगरपालिका/उपमहानगरपालिका/गाउँपालिका ....मा भएको विपद्का सम्बन्धमा बागमती प्रदेशको "प्रदेश विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी कार्यविधि, २०८० बमोजिम राहत सहयोग पाउँ भनि देहायको विवरण सहित यो निवेदन पेस गरेको छु/छौं।

(१) विपदको घटनाः
(२) घाइते/मृतकको नाम, ठेगानाः
(३) घाइते/मृतकको नागरिकता प्रमाणपत्र नं.: जारी गर्ने
जिल्ला..................
(४) बाबुको नाम, थर :
(५) आमाको नाम,थर :
(६) अनुमानित क्षतिको विवरण (परिणाम र मूल्य सहित):
(७) मृतकको हकमा हकवालाको नागरिकता प्रमाणपत्र र नाता प्रमाणित पत्रः *संलग्न गर्ने*

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय बागमती प्रदेश

(८) क्षतिको विवरण एकिन भएको प्रहरी मुचुल्का: *संलग्न गर्ने*

(९) घटनासँग सम्बन्धित तस्विर: *संलग्न गर्ने*

(१०) आवासका लागि दाबी पेस गर्दा घरको नक्शा वा स्केच: *पेस गर्ने*

(११) ✂.......वडा समितिको उल्लिखित विवरण सहितको सिफारिसपत्र:

(१२) राहत माग गरिएको विषयमा कुनै निकाय (संघ वा स्थानीय तह) बाट सोही विषयमा राहत लिए नलिएको : *खुलाउने*

(१३) सम्बन्धित पीडित वा नजिकको हकवालाको बैङ्क खाता विवरण:

(१४) अन्य:

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय बागमती प्रदेश

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

## अनुसूची- ३

(दफा १७ सँग सम्बन्धित)

**त्रैमासिक विवरण ढाँचा**

मिति.............................देखि.....................................सम्मको विवरण

| क.सं. | निकाय | दफा ३ बमोजिमको क्षेत्र | प्रदेश सरकारबाट प्राप्त रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| जम्मा | | | | | |

द्रष्टव्य: खर्च भएको रकमको विस्तृत विवरण समेत संलग्न गर्नुपर्ने।

**तयार गर्ने**

दस्तखत:

नाम:

पद:

मिति:

**पेश गर्ने**

दस्तखत:

नाम:

पद:

मिति:

**स्वीकृत गर्ने**

दस्तखत:

नाम:

पद:

मिति:

आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, बागमती प्रदेश